माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान

चौथो पटक वा सो भन्दा बढी पटक माथिको क्रियाकलाप दोहोर्‍याएमा रु.२०,०००।- अक्षरुपि बीस हजार रुपिया जरिवाना गरी जिल्ला प्रहरी कार्यालयमा पठाउने सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा युवा तथा खेलकुद मन्त्रालयको मिति २०७६/०५/०४ को प्रकाशित स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा सूचना अनुसार यस माण्डवी गाउँपालिकाको मार्सिवाङ्ग खेलकुद मैदान निर्माणका लागी विस्तृत परियोजना प्रतिवेदन तयार पारी सो परियोजना लागि अनुमानित कुल लागत रु.१७ करोड भएको र सो लागतको ३०% रकम स्थानीय तहले व्यहोर्ने प्रतिबद्धता साहित जिल्ला खेलकुद विकास समितिको कार्यालय प्यूठान मार्फत युवा तथा खेलकुद मन्त्रालय सिंहदरवार काठमाडौंमा प्रस्ताव पेश गर्ने निर्या गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको देवीस्थान स्थित सभाहल अन्य व्यक्ति वा संस्थाले भाडामा लिन खोजेमा प्रतिदिन रु. ३,०००।- अक्षरुपि तीन हजार रुपिया भाडा निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ४ उदयपुरकोटमा स्वास्थ्य चौकीमा रिक्त कार्यालय सहयोगी पदमा आजको मितिमा एक जना कार्यालय सहयोगीको विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत